# कृषि विकास बैंक लिमिटेड
## लेखापाल सहायकस्तर पदको
## खुल्ला प्रतियोगितात्मक
## २०५३

पत्र : द्वितीय

समय: ३ घण्टा

पूर्णाङ्क: १००

### विषय : सेवासम्बन्धी

### भाग 'क'

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् :**

१. द्वय दोहोरो स्रेस्ता प्रणालीका विशेषताहरू उल्लेख गर्नुहोस्।

२. सन्तलन परीक्षणबाट पत्ता नलाग्ने भूलहरू केके हुन् ? त्यस्ता भलहरू पत्ता लगान नसक्ने कारणसहित उल्लेख गर्नुहोस्।

३. सानो नगदी कोष भनेको के हो ? सानो नगदी कोष र नगदी किताबमा के भिन्नता छ ? उल्लेख गर्नुहोस्।

४. लेखापरीक्षण केलाई भनिन्छ, लेखापरीक्षण कुन कुन कुराहरूमा विचार गरेर गरिन्छ ? नाफा नोक्सान खाता तयार गर्ने तरिकाबारे उल्लेख गर्नुहोस्। बैठक निर्णय पुस्तिका (Minute book) केलाई भनिन्छ ? व्यावसायिक कारोबारको सन्दर्भमा यसको महत्व दर्शाउनुहोस्।

७. समन्वय (Co–ordination) भनेको के हो ? उत्तम व्यवस्थापनमा समन्वयको भूमिका प्रष्ट पार्नुहोस्।

८. कृषि विकास बैंक ऐन, २०२४ अनुसार कृषि विकास बैंकको स्थापनाको उद्देश्यबारे उल्लेख गर्नुहोस्।

९. कुनै संगठित संस्थामा कर्मचारीको मनोबल उच्च राख्न र संगठनको उद्देश्यअनुरूप कार्य सञ्चालन गर्न कर्मचारीहरूमा उत्प्रेरणा जनाउने तत्वहरू केके हुन् ?

१०. आठौँ पञ्चवर्षीय योजनाको प्रमुख उद्देश्यहरू केके हुन् ?

### भाग 'ख'

**लामो उत्तर दिनुहोस् :**

१. कषि ऋण भनेको के हो ? नेपालको कषि विकासमा कषि ऋणका कि आवश्यकता छ ? कृषि ऋणको महत्वको सन्दर्भमा विवेचना गर्नुहोस्।

२. "कृषि विकास बैंकबाट सञ्चालित साना किसान विकास आयोजना कृषि का सञ्चालित कार्यक्रमहरूमध्ये एक सफल कार्यक्रमको रूपमा रहेका मान छ यो भनाइलाई पुष्टि गर्ने आधारहरूको चर्चा गर्दै साना किसान। आयोजनाको महत्वबारे प्रकाश पार्नुहोस्।

३. कृ षि विकास बैंकसँग भएको कर्जाको सम्झौता वा सर्त कबुलियतको पालना नगर्ने व्यक्तिसँग साँवा व्याज असुलउपर गर्न कृषि विकास बैंक एन, २०२४ मा भएको व्यवस्थाबारे उल्लेख गर्नुहोस्।

४. वासलात भनेको के हो ? आम्दानी र खर्चको हिसाबलाई वासलातमा कसरी प्रविष्ट गरिन्छ ? वासलाको नमुनासहित तयार गरी दर्शाउनुहोस्।

५. संगठित संस्थाको व्यवस्थापनमा मध्यमस्तरीय जनशक्तिको आवश्यकताको सन्दर्भमा कृषि विकास बैंकमा लेखा सहायकको भूमिका स्पष्ट गर्दै लेखा सहायकको छनौट कुन कुन आधारमा गरिनुपर्छ र लेखा सहायकले कार्यसम्पादन गदा आफूभन्दा माथिल्लो तह र तल्लो तहमा के कस्तो किसिमको सम्बन्ध र समन्वय स्थापना गर्नु आवश्यक हुन्छ ? स्पष्ट पार्नुहोस्।

❑❑❑

कृषि विकास बैंक लिमिटेड

सहायक स्तर लेखापाल पद

२०५१

पत्र : प्रथम

समय : २ घण्टा ३० मिनेट पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान र सामाजिक अध्ययन

भाग (क)

तलका प्रश्नको सहि उत्तर लेख्नुहोस्। २ × १० = ५०

१. सुर्यग्रहण भन्नाले
 (क) सूर्य र पृथ्वीको बीचमा चन्द्रमाको उपस्थिति (ख) सूर्य र चन्दमाका बीचमा पृथ्वीको उपस्थिति
 (ग) चन्द्रमा र पृथ्वीको बीचमा सूर्यको उपस्थिति (घ) माथिका कुनै पनि होइन

२. जन आन्दोलन २०४६ कहिले सुरु भएको हो ?
 (क) २०४६ माघ ५ (ख) २०४६ फागुन ०७ (ग) २०४६ चैत्र ४ (घ) ०४६ पौष १

३. कृषि गणना कति वर्षमा गरिन्छ।
 (क) ५/५ (ख) ७/७ (ग) १०/१० (घ) ८/८

४. पासाङ्ग ल्हामु शेर्पासँगै विश्वको सर्वोच्च शिखर आरोहरण गरी फर्कदा बाटोमा विरामी परी बेपत्ता भएको पर्वतारोहिको नाम के हो ?
 (क) आङगदण्डी शेर्पा (ख) आङग कर्मा शेर्पा (ग) सोनाम छिरिङग (घ) सुन्दरे शेर्पा

५. प्रतिनिधि सभाका सदस्य निर्वाचनका लागि एक जिल्ला एक निर्वाचन क्षेत्र भएका जिल्लाहरूको संख्या कती छन् ?
 (क) २१ वटा (ख) ३३ वटा (ग) ३५ वटा (घ) ३१ वटा

६. झिमरुक जलविद्युत आयोजना कुन जिल्लामा पर्दछ ?
 (क) सल्यान (ख) प्यूठान (ग) दाङ घ) ३१ वटा

७. राष्ट्रिय जनगणना २०४८ अनुसार नेपालमा कृषिमा निर्भर रहेको जनसंख्या का प्रतिशत छ ?
 (क) ७१.३% (ख) ९३.३% (ग) ७४.३% (घ) ९५.३%

८. राजा वीरेन्द्रको राज्यारोहण कहिले भएको थियो ?
 (क) २०२८ माघ १७ गते (ख) २०२८ आषाढ १३ (ग) २०२८ चैत्र २१ (घ) २०२८ पौष २७

९. कुन चाहिं बैंकले चाहिँ बैंकले वाणिज्य बैङकको कारोबार गर्दैन ?
 (क) नेपाल बैंक लि. (ख) नेपाल राष्ट्र बैंङक
 (ग) ग्रामीण विकास बैंङक (घ) नेपाल बङगलादेश बैंङक

१०. आम निर्वाचन २०७४ पछि ब्यबस्थापीका संसदको पहिलो बैठक कहिले बसेको थियो ?
 (क) २०७४ फल्गुण २१ (ख) २०७४ पौष ८
 (ग) २०७४ माघ ८ (घ) २०७४ फाल्गुण ०३

११. पहिलो दक्षिण एसियाली खेलकुदमा नेपालले कुन खेलमा स्वर्ण पदक प्राप्त गरेको थियो ?
 (क) फुटबल (ख) कबर्दी (ग) भलिबल (घ) सुटिङग

१२. पञ्चायती व्यावस्थाका अन्तिम प्रधानमन्त्रीको थिए ?
 (क) लोकन्द्र बहादुर चन्द्र (ख) मरीचमान श्रेष्ठ (ग) नगेन्द्र प्रसाद रिजाल (घ) सुर्य बहादुर थापा

१३. मनाङ्ग जिल्लाको सदरमुकाम कुन हो ?
 (क) जोमसाम (ख) चामे (ग) दुनै (घ) खलङ्गा

१४. नेपालमा पहिलो पञ्चवर्षीय योजना कहिले शुरु भयो ?

(क) २००७ (ख) २०१० (ग) २०१३ (घ) २०१४

१५. हाल सार्कका सदस्य राष्ट्र कतिवाट छन् ?

(क) ५ (ख) ६ (ग) ७ (घ) ८

१६. बङगलादेशको मुद्रा कुन हो ?

(क) भाट (ख) टाका (ग) डलर (घ) रुपियाँ

१७. नेपालमा बाढिबाट ठूलो क्षति भएको साल कुन हो ?

(क) २०४७ (ख) २०४८ (ग) २०४९ (घ) २०५०

१८. कान्जीहाउस भनेको के हो ?

(क) छाडा गाई वस्तु थुन्ने घर
(ख) चिडिया खानामा जन्तुलाई राख्ने घर
(ग) सामान राख्ने गोदाम
(घ) माथिका कुनै पनि होइनन्

१९. महेन्द्र राजमार्गको पश्चिमी बिन्दु कुन हो ?

(क) धनगढी (ख) टनकपुर (ग) वनवासा (घ) डोटी

२०. २०६८ को जनगणना अनुसार नेपालमा सबैभन्दा वढी जनघनत्व भएको जिल्ला कुन हो ?

(क) भक्तपुर
(ख) काठमाडौं
(ग) ललितपुर
(घ) मोरङग

२१. तलका सहरमध्ये सबभन्दा उचाइमा रहेको सहर कुन हो ?

(क) ल्हासा (ख) काठमाडौं (ग) गोर्टेला (घ) थिम्पू (भुटान)

२२. अमेरिकाद्वारा अणुबम प्रहार गरिएको पहिलो सहर कुन हो ?

(क) बर्लिन (ख) हिरोसिमा (ग) नागासाकि (घ) लनडन

२३. सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को नाम हाल कुन हो ?

(क) सामाज कल्याण समन्वय परिषद्
(ख) समाज कल्याण परिषद्
(ग) समाज कल्याण सेवा केन्द्र
(घ) समाज कल्याण केन्द्र

## खण्ड (ख)

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्।**

१. बढ्दो शहरिकरण र जनसङ्ख्या बृद्धिलाई नियन्त्रण गर्न मुख्य मुख्य २ वटा उपायहरू बताउनुहोस् ?
बर्तमान पाठ्यक्रम संग सम्बन्धीत नरहेको,

२. कृषि विकास बैंकले प्रदान गर्ने कृषि औजार ऋण अन्तर्गत कुन कुन कृषि यन्त्र पर्दछन् ?

३. बैंकमा मानीसहरूले पैसा जम्मा गर्ने खाता कति किसिमका छन ? खाता सञ्चालन गर्न के गर्नु पर्दछ ?

४. हाल नेपालमा कति दरका कागजी नोटहरू चलनचल्तीमा छन् ति सबै एकएक वटा जोड्दा जम्मा कति रुपैया हुन्छ ?

## भाग (ग)

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस्।**

१. कृषि विकास बैंक कुन उद्देश्यले स्थापना भएको हो ? स्पष्ट पार्नुहोस्।

२. वातावरणीय विनाश भनेको के हो ? यसको असर हाल के के परिरह वर्णन गर्नुहोस् ?

❑❑❑

कृषि विकास बैंक लिमिटेड

सहायक स्तर लेखापाल पद

२०५१

पत्र : द्वितीय

समय : ३ घण्टा | पूर्णाङ्क : १००

विषय : सेवा सम्बन्धी

१. व्यवस्थित फाइलिङ्ग भन्नाले के बुझिन्छ ? यसको महत्व संक्षेपमा लेख्नुहोस्।

२. पत्र (चिठी) को अर्थ लेख्नुहोस् र पुष्टिकरण पत्र भन्नाले के बुभ्नुहुन्छ स्पष्ट पार्नुहोस् ?

३. कृषि विकास बैंकले विज्ञापन गरेको लेखापाल पदमा ६ वटा परिक्षा केन्द्रका लागि कुल १६४९५ दरखास्त प्राप्त भएकोमा विभिन्न कारणले १३१३ दरखास्त रद्द भयो। परिक्षा दिन योग्य उम्मेदवारमध्ये पुरुष १०४१३ र बाँकि महिला उम्मेवार थिए। परीक्षामा योग्य उम्मेदवारमध्ये १७९१ पुरुष र २३१३ महिला अनुपस्थित थिए । उपरोक्त उदाहरणको आधारमा निम्न प्रश्नहरूको उत्तर दिनुहोस्।

४. (क) अक्षरमा रकम लेख्नुहोस् : 0123,45,67,8902

(ख) अङ्कमा लेख्नुहोस् : सत्र अर्ब चार करोड तीनलाख नौ सय तेह

५. पत्र व्यवहारमा पत्र सङ्ख्याको महत्व छ ?

६. स्मरणपत्र र परिपत्रको भिन्नता उल्लेख गर्नुहोस ?

७. एकजना ग्राहकले कृषि बिकास बैंकमा रु 4500/- 6 महिनाको मुद्दती खातामा जम्मा गरेको रहेछ बैंकले मसलन्द कट्टी भनी 6 महिनाको रु 36/- उसले पाउने व्याजबाट कट्टी समेत 6 महिनापछि उसले बैंकबाट रु 4644 पायो भने उसलाई बार्षिक कति % का दरले व्याज दिएको रहेछ। पत्ता लगाई उल्लेख गर्नुहोस्।

८. चिठीपत्रमा चलानी गर्दा के के कुराहरूमा ध्यान दिनु पर्दछ।

९. एउटा कक्षामा १० जना १३ वर्षका, ५ जना १८ वर्षका, १० जना १५ वर्षका , ५ जना १६ वर्षका र १० जना १७ वर्षका विद्यार्थी छन् भने उक्त कक्षाका विद्यार्थीहरूको औसत उमेर कति होला ?

१०. सानो नगदि कोष पुस्तिकाको सम्बन्धमा के थाहा छ ? संक्षेपमा वर्णन गर्नुहोस्।

**लामो उत्तर दिनुहोस्।**

१. बिजक भन्नाले के बुभ्नुहुन्छ ? यो कति प्रकारका हुन्छ : कुनै तीन बिजकको प्रकार उल्लेख गर्नुहोस्।

२. तपाई परिक्षामा सफल भई बैंकको स्टोर शाखाको इन्चार्ज बनाएका खण्डमा त्यहाँ खरिद हुने कुनै ३ किसिमको सामान खरिद गरी सो सामानको स्टोरमा कसरी आम्दानी र खर्च राख्नु हुन्छ उदारहरण सहित वर्णन गर्नुहोस्।

३. कृषि विकास बैंकले लेखापाल पदको लागि विज्ञापन आह्वान गरे अनुरूप लेखापाल पदका लागि दरखास्त दिने पत्रको मस्यौदा लेख्नुहोस्।

४. धेरै वर्षदेखि पैसा नतिरी आलटाल गरी बस्ने एक ऋणीलाई कृषि विकास बैंकका मेनेजरको हैसियतले रकम बुझाउन अन्तिम ताकेताको साथै कानुनी कारवाही गर्ने जनाउ दिने गरी पत्र लेख्नुहोस्।

❑❑❑

कृषि विकास बैंक लिमिटेड
पदः सहायकस्तर प्रथम श्रेणी लेखा सहायक
२०५१

पत्र : प्रथम
समय : २ घण्टा ३० मिनेट  पूर्णाङ्क : १००

विषय : सामान्य ज्ञान तथा सामाजिक अध्ययन

भाग 'क'

वस्तुगत प्रश्न उत्तर अंक/भारित  २५ × २ = ५०

१. नेपाल र चीनबीच वेत्रावतीमा प्रथम सन्धि कहिले भएको थियो ?
२. नेपालको प्रथम राष्ट्रि निकुञ्ज कुन हो ?
३. कृषि विकास बैंकका कार्यालयहरूको संख्या कति छ ?
४. वासालत (Balance sheet) बाट हामी के कुरा थापा पाउँछौं ?
५. 'गरिबी दैवी अभिशाप होइन, मानवीय सृष्टि हो' यो भनाइ कसको हो ?
६. अन्तर्राष्ट्रिय न्यायालयमा कतिजना न्यायाधीशरु रहने व्यवस्था छ ?
७. आठौं पञ्चवर्षीय योजना कृषि, सिँचाइ र वनलाई कति प्रतिशत रकम छुट्याईएको छ ?
८. 'पिच' कुन खेल खेल्ने ठाउँमा नाम हो ?
९. आ.व. २०५१/५२ मा कृषि विकास बैंकले कति रकम कर्जा प्रवाह गर्ने लक्ष्य राखेको छ ?
१०. नगद आयव्यय विवरणमा सावेश नहुने कुन हो ? –भुक्तानी पाउनुपर्ने रकम।
११. संयुक्त राष्ट्रसंघको सदस्यता प्राप्त गर्ने पछिल्लो राष्ट्र कुन हो ?
१२. चीनका भू. पु. राष्ट्रपति लिसियन नेनको कति वर्षमा निधन भयो ?
१३. "हरितगृह प्रभाव" भनेको के हो ?
१४. रेनगजलाई वर्षा भने जस्तै वाइरोमिटर भन्नाले केलाई जनाउँछ ?
१५. देवताहरूको वैद्य को हुन् ?
१६. नेपालको भारत र चीनसँग सिमाना नजोडिएका जिल्ला कति छन् ?
१७. सर्वप्रथम नेपाली साहित्यमा पी. एच. डी. गर्ने को हुन् ?
१८. नेपाल अधिराज्यको संविधान, २०४७ मा कति धाराहरू छन् ?
१९. अष्ट्रिकाको मुद्रालाई के भनिन्छ ?
२०. वीर अस्पतालको निर्माण कहिले भएको थियो ?
२१. संविधानको कुन धारामा विदेशी नागरिकलाई सम्मानार्थ नेपाली नागरिक गर्ने व्यवस्था छ ?
२२. सर्वप्रथम युरोप पुग्ने राजा को हुन् ?
२३. 'मकै पर्व' कसको पालामा भएको थियो ?
२४. नदेरल्यान्डको मुद्रालाई के भनिन्छ ?
२५. सामाजिक विकाससम्बन्धी विश्व सम्मेलन सन् १९९५ मा कहाँ भएको थियो।

भाग 'ख'

छोटो उत्तर लेख्नुहोस्।

१. नेपालको सेयर वजार कसरी विकास भइरहेको छ ?
२. नेपालमा तीन तहका अदालत भन्नाले के बुझ्नुहुन्छ ?
३. सुकुम्वासी समस्या समाधान गर्न सरकारले कस्तो नीति लिनुपर्दछ ?
४. 'आफ्नो गाउँ आफै बनाउँ' बारे चर्चा गर्नुहोस्।
५. नेपालको प्रमुख प्राकृतिक सम्पदा र साधनबारे छोटकरीमा चर्चा गर्नुहोस्।
६. मध्यावधि निर्वाचन २०५१ बारे टिप्पणी गर्नुहोस्।

भाग 'ख'

लामो उत्तर लेख्नुहोस्।

१. भड्किलो सामाजिक व्यवहार नियन्त्रण गर्न के सम्भव छ ?
२. बेरुजु हुनाका प्रमुख कारणहरू के हुन् ? समयमै बेरुजु फछ्यौट गर्नका ला के कस्ता व्यवस्था अपनाउनुपर्छ सुझाव दिनुहोस्।

❑❑❑

**कृषि विकास बैंक लिमिटेड**

**सहायकस्तर प्रथम श्रेणी लेखा सहायक**

**२०५१**

**पत्र : द्वितीय**

**समय : ३ घण्टा** **पूर्णाङ्क १००**

**विषयः सेवासम्बन्धी**

**भाग 'क'**

**छोटो उत्तर दिनुहोस् :**

१. लेखा र लेखापरीक्षणको भिन्नता देखाउनुहोस्।

२. वासलात भनेको के हो ? यसले व्यावसायिक संगठनको के दर्शाउँछ ?

३. एकोहोरो लेखाप्रणाली र दोहोरो लेखाप्रणालीको भिन्नता दर्शाउनुहोस्।

४. सानो नगदी कोष भनेको के हो ? यो र नगद हिसाब खातामा के फरक छ ?

५. शिरोभार खर्च भन्नाले के बुझ्नुहुन्छ ? लगानी १ लाख, असुली ७५ हजार, पेस्की ३० हजार, कर्मचारी खर्च ४ हजार, कार्यालय खर्च २ हजार, व्याज खर्च १० हजार भएको संस्थाको शिरोभार खर्च कति हुन्छ ? उल्लेख गर्नुहोस्।

६. बजेट कार्यक्रम बनाउनुपर्ने औचित्यतर्फ प्रकाश पार्नुहोस्।

७. भौचर भन्नाले के बुझ्नुहुन्छ ? यसको दुवै व्यालेन्स भिडान हुँदैमा लेखा ठीक भएको मान्नुहुन्छ ?

८. ट्रायल व्यालेन्स भन्नाले के बुझ्नुहुन्छ ? यसको दुवै व्यालेन्स भिडान हुँदैमा लेखा ठीक भएको मान्नुहुन्छ ?

९. ह्रासकट्टी किन गरिन्छ ? ह्रासकट्टी गर्ने कुनै २ तरिका उल्लेख गर्नुहोस्।

१७. तपाईं कुनै विभागको विभागीय प्रमुख हुनुहुन्छ र तपाईंअन्तर्गत ५ वटा शाखामा २० जना कर्मचारी छन् भने विभागीय जिम्मेवारीअनुसार काम सम्पन्न गर्नका लागि नियन्त्रण व्यवस्था कस्तो गर्नुहुन्छ ? उल्लेख गर्नुहोस्।

**भाग 'ख'**

**लामो उत्तर दिनुहोस् :**

१. नेपालको ग्रामीण ग्रामीण क्षेत्रको विकासमा कृषि विकास बैंकको भूमिका कस्तो छ ? वर्णन गर्नुहोस्।

२. कुनै पनि संस्थामा कर्मचारीको भूमिका महत्वपूर्ण हुन्छ। इमान्दार, लगनशील, कर्तव्यनिष्ठ कर्मचारीविना कुनै संस्थाको पनि राम्रो कम हुन सक्दैन, यी कुरालाई मनन गरी कृषि विकास बैंकका कर्मचारीलाई सदासर्वदा इमान्दार, लगनशील र कर्तव्यनिष्ठ बनाइराख्न के कस्तो तरिकाबाट कर्मचारीलाई Motivate गर्नुहुन्छ ? वर्णन गर्नुहोस्।

❑❑❑